सर्वोत्तम सन्देश

पाष्टरीय तालीम पुस्तिका

२

तालीम र वृद्धि

T&M ®

“सर्वोत्तम सन्देश” आठवटा संक्षिप्त बाइबल अध्ययनहरु हुन् जो परिवारका प्रमुखहरुलाई प्रस्तुत गर्नको निम्ति तयार पारिएका हुन् । यसको उद्देश्य परिवार तथा वंशका अगुवाहरुलाई ख्रीष्टमा डोऱ्याउनु अनि सबैलाई संगै बप्तिस्मा दिनु हो ।

प्रेरित १० अनुसार कर्णेलियसले येशूको जीवनबारे जानिसकेको थियो । त्यसैकारण उसले प्रभुलाई ग्रहण गर्नको निम्ति उसलाई लामो शिक्षा दिइरहनु परेन । तर सुसमाचार नसुनेकाहरुको निम्ति राम्रो जग बसाएर प्रभुलाई ग्रहण गर्ने तुल्याउन कम्तिमा सात आठ पटक व्याख्या गरिरहनुपर्ने हुन्छ । यसैकारण आठवटा अध्ययनहरु तयार पारिएका छन् । यी सबै प्रयोग गरेर नसक्दै प्रभुलाई ग्रहण गर्छन् भने सबै प्रयोग गरिरहनु पर्दैन ।

“सर्वोत्तम सन्देश” कोर्स कसरी प्रयोग गर्ने ?

सुसमाचारप्रति खुल्ला भएका परिवारका प्रमुखहरुतिर प्रभुले डोऱ्याउन् भनी मन लाएर प्रार्थना गर्नोस् । विशेष गरी आफन्तहरु अनि मित्रहरुको निम्ति प्रार्थना गर्नोस् । अरुलाई साक्षी दिनसकुँ भनी के तपाई परमेश्वरको अगुवाइ र

शक्तिको लागि प्रार्थना गर्नुहुन्छ ?

प्रारम्भमा, यो कोर्स घरका प्रमुखहरुलाई प्रदान गर्नुहोस् । घर का प्रमुखले उसकी पत्नी र नानीहरुलाई पनि बताउन सक्ने गरी सिकाउनोस् । यो अभ्यासद्वारा शुरुदेखि नै अगुवाहरु निर्माण गर्न मदत पुग्छ ।

हरेक अध्ययनमा भएको नक्सालाई उनीहरुको ध्यान खिँच्न प्रयोग गर्नुहोस् । उनीहरुलाई सोध्ने गर्नोस्, "यो के हो जस्तो लाग्छ तपाईलाई ?"

अध्ययनमा प्रयोग भएका चित्रहरुको विवरण

१) जहाजको अघिल्तिर मानिसहरु (उत्पत्ति ६-८)

२) क्रूसमा हुनुभएका प्रभु येशूबाट रगत पोखिएको (लूका २३)

३) फर्केर आएको पश्चातापी उडाऊ पुत्रलाई पिताले अंगाल्नु हुन्छ (लूका १५)

४) इथियोपियावासीले पानीलाई औंल्याउँछ (प्रेरित ८)

५) पावल र सिलासको अघि जेलरले घुँडा टेक्छ (प्रेरित १६)

६) मरुभूमिमा मन्न बटुलेको (यूहन्ना ६)

७) दुष्ट आत्माले धपाएका सुंगुरहरु समुद्रमा खस्छन् (मत्ती ८:२८-३४)

८) ण्अन्धा भएको शाऊल दमस्कसतर्फ लागेका (प्रेरित ९)

- घरका प्रमुख व्यक्तिसँग अध्ययन क्रमशः बढाउँदै लानोस् । उसले बाइबलको पद पढोस् अनि तपाईले उसलाई प्रश्नहरु गर्नोस् । यो नै सुसमाचार सिकाउने सर्वोत्तम तरिका हो किनकि यसरी तपाईलाई मानिसहरुसित बातचीत गर्ने मौका प्रदान गर्दछ ।

(यदि तपाईको विद्यार्थी पढ्न नसक्ने भए, तपाईले नै जोडसंग पढिदिनोस् अनि विद्यार्थीबाट आएका उत्तरहरु लेखिदिनोस् ।)

- अर्को तरिका यसो पनि हुनसक्छ । तपाईले अध्ययनलाई छोटकरीमा बताइदिनोस् अनि घरका प्रमुखलाई छोडिदिनु होस् ताकि उ एकलैले वा उसको परिवारसंग मिलेर अध्ययन गर्न सकून ।

अर्को पटक तपाईले उसलाई भेट्नु जाँदा, उसले के कसो गरे थाह गर्नोस् । जब उसले एक अध्ययन सक्छ, अर्को शुरु गर्नलाई उत्साहित पार्नोस् । उसले सकिसकेपश्चात हरेकलाई दोहोऱ्याउनोस् अनि प्रश्नका उत्तरहरु दिन उसलाई सघाउनोस् ।

- विद्यार्थीले उसको परिवारलाई बाइबलका कथाहरु भन्नलाई उत्साहित पार्नोस् । यही काम नै हरेक अध्ययनको निम्ति गृह कार्य हुनेछ । (यसो गर्दा उनीहरुले आशिष पाउनेछन् भन्नोस्) ।

यदि पिताले परिवारलाई सिकाउँछ भने, परिवारका सबैजनाले प्रभुलाई ग्रहण गर्न सजिलो हुन्छ । उसको परिवारलाई बाइबलको कथा भन्नको निम्ति उसलाई विशेष प्रश्नहरु गर्नोस् ।

यस्ता प्रश्नहरुको निम्ति एक उदाहरण

- परमेश्वरले हरेकलाई प्रेम गर्नुहुन्छ भनेर जोड दिनुहोस् । अर्को कक्षामा अरु आफ्न्ताहरु र मित्रहरु लिएर आउनोस् भनेर उत्साहित पार्नोस् । यदि उसले उनीहरुलाई ल्याउँदैन भने तपाइले उनीहरुको नाउँ र ठेगाना सोध्नोस् अनि तपाई स्वंयले उनीहरुसित सर्म्पक गर्नोस् । (पहिले अनुमति माग्नुस् ।)

- कदम कदम गरेर इसाई विश्वासमा दरिलो हुन घरको प्रमुखलाई सहयोग गर्नुहोस् । पहिलो भेटमा चाहिं तपाईसंग अध्ययन गर्न सहमति लिने काम मात्र होस् । पछि, अध्ययनका केही भाग उसको परिवारलाई

सिकाउन लउनोस् । उसलाई सोध्नोस् "के तपाईले यो कथा आफ्ना नानीहरु (पत्नी, मित्रहरु, दाज्यूभाइ तथा दिदीबहिनी) लाई भन्नुसक्नु हून्छ ?" हरेक पटक नै ऊ र उसको परिवारको निम्ति खीष्टको मृत्युको मुल्य बुझाउन (अनन्त क्षमादान) अनि खीष्टको पुनरुत्थानको मुल्य बुझाउन सहायता गर्नोस् । जसरी येशूको मृत्यु हाम्रो क्षमादानको निम्ति लागू हुन्छ, त्यसरी नै उहाँको पुनरुत्थित जीवन हामीमा लागू हुन्छ । परमेश्वरले हामीलाई खीष्टमा नयाँ जीवन दिनुहुन्छ जो पवित्र र अनन्त छ ।

लूका २४:४५–४८ मा प्रभुले सुसमाचारका मुख्य भागहरु बताउनुभएको छ :

- हामी र हाम्रा परिवारको निम्ति उहाँको मृत्युको मूल्य : हाम्रो पाप क्षमादान ।

- मृत्युबाट उहाँको पुनरुत्थानको मुल्य : उहाँमा नयाँ, शुद्ध र अनन्त जीवन ।

- बचाइनको निम्ति हाम्रो प्रतिक्रिया (प्रत्युत्तर) : पश्चाताप र विश्वास ।

तपाई र तपाईको परिवारको निम्ति खीष्टको मृत्युबाट के के फाइदा भएका छन् ?
परमेश्वरले हाम्रा पाप क्षमा गर्नुहुन्छ ।

अनि उहाँको पुनरुत्थानका फाइदाहरु ?
उहाँले हामीलाई पवित्र र अनन्त जीवन दिनुहुन्छ ।

- जब उ र उसको परिवार खीष्टमा समर्पित हुन तयार बन्छन्, तब एक सरल प्रार्थना तपाईको पछि पछि दोहऱ्याऊन् । तपाईको पछि प्रार्थना गर्नसक्ने गरी बिस्तारै प्रार्थना गर्नुहोस् । सरल वाक्यांश प्रयोग गर्नुहोस्, उदाहरणको लागि : “मेरो पाप क्षमा गर्नुहोस्”, “मेरो निम्ति मर्नु भएको लागि धन्यबाद”, “मेरो जीवनमा आउनुहोस्” इत्यादि ।

- पाठको बेलामा जब तपाईले आफ्नो विद्यार्थीलाई प्रश्न सोध्नु हुन्छ, उसको उत्तरलाई मान्यता दिनुहोस् । उसलाई सुनिदिनुहोस् । उसले गल्ती उत्तर दिए पनि, ठाडै “भएन” नभन्नु होस् । बरु यसो भन्नुहोस् – अथवा हामी यसो पनि भन्न सक्छौं ।

- उसको परिवारको आशा, रोग–बिमार, डर, समस्याको बारेमा कुरा गर्नलाई उत्साहित पार्नोस् । उनीहरुको निम्ति प्रार्थना गरिदिनुहोस् ।

- उसलाई सुसमाचार प्रचारबारे सिकाउनका लागि तपाईसित अर्को इसाई मित्र पनि लानुहोस् । जब तपाईले सिकाउनुभएको उसले देख्नेछ, उसले अनुकरण गर्न सक्नेछ । उसलाई अध्ययनको केही भागहरु अगुवाई गर्न पनि लाउनोस् । त्यसपछि उसलाई कहीं प्रचार गर्न पठाउनोस् साथमा अर्को इसाई मित्र पनि पठाउनोस् । प्रेरितहरु प्रचारमा जाँदा दुइ दुइ जना गरी गएका थिए । हामीले उनीहरुको उदाहरण पछ्याउनु पर्छ ।

- धेरै परिपक्व इसाईहरुलाई यस अध्ययनमा समावेश नगर्नु राम्रो हो (तपाईले तालीम दिइरहनु भएकोलाई बाहेक) । त्यो नयाँ व्यक्तिले अप्ठेरो महसुस गर्दछ । परिपक्व इसाईहरुको अघि उसले निर्धक्कसंग उत्तर दिनैसक्तैन ।

यी नयाँ विद्यार्थीहरुलाई उनीहरु मण्डलीमा भए झैं गरी व्यवहार नगर्नोस् । उनीहरु अझसम्म विश्वासी भएकै छैनन् अनि उनीहरुले असजिलो महसुस गर्दछन् ।

- यदि त्यो विद्यार्थीले सुसमाचार राम्ररी बुझ्दछ अनि सबै अध्ययन सक्न अघि परिवर्तन हुन्छ, भने ऊ र विश्वास गर्ने उसका परिवारका सदस्यहरुलाई बप्तिस्मा दिइनु पर्दछ । अध्ययन सकेर मात्र भनेर बप्तिस्मा दिनलाई नढिल्याउनोस् ।

यदि तपाई कुनै डिनोमिनेशन अथवा इसाई संस्थामा हुनुहुन्छ भने, नयाँ सदस्यहरु ग्रहण गर्नको निम्ति यसले पालन गर्दै आएका कुराहरुलाई मान्नोस् ।

- यदि कसैले रुची देखाउँदैन अथवा तर्क मात्र गर्छ भने, त्यस्तालाई सिकाउनै छोडिदिनोस् । हामीले हाम्रो समय सुसमाचारमा खुला मन भएका व्यक्तिहरु खोज्नमा लगाउन राम्रो हुनेछ ।

- तपाईले सुसमाचार प्रचार गर्नुहुँदा प्रेरित पत्रुसको उदाहरण पछ्याउनोस् । प्रेरित १०:१–४८ पढ्नोस् अनि मनन गर्नोस् ।

☐ पढिसके पछि यहाँ दाग लाउनोस् ।

सारांश जाँच

१ सुसमाचार प्रचारको निम्ति अगुवाइ र शक्ति पाउन, हामीले :

☐ विश्वाससहित प्रार्थना गर्नुपर्छ ।

☐ हाम्रो आफ्नो ज्ञानमा भर पर्नुपर्छ ।

२ जब हामीले प्रार्थनामा परमेश्वरको अगुवाइ र शक्ति पाउँछौं, हामीले कसलाई सुसमाचार सुनाउनु राम्रो हुन्छ ?

☐ स्त्रीहरु र नानीहरुलाई किनकि उनीहरु बढी रुची लिन्छन् ।

☐ पिताहरु मार्फत सारा परिवा रलाई ।

३ हामीले घरका प्रमुख व्यक्तिबाट शुरु गर्नु राम्रो हुन्छ । उनीहरुले नै पछिबाट आफ्ना परिवारलाई सिकाउन सक्छन् । यसरी उनीहरु सबै एकैसाथ विश्वासमा आउनसक्छन् । सारा परिवारसाथ खडा भएको मण्डली कस्तो हुन्छ ?

☐ बलियो ।

☐ कमजोर ।

४ सारा परिवार मिलेर बलियो मण्डली बन्दछ। यस्ता मण्डलीहरु आफैले हरेकलाई मुक्तिको सुसमाचार सुनाउने काम गर्दछ। तलका भनाइहरुमध्ये कुन चाहिं हामीले घोषणा गर्नैपर्ने सन्देश हो ?

- ☐ प्रभु येशू हाम्रो पाप क्षमाको निम्ति मर्नुभयो।
- ☐ उहाँमा हामीलाई पवित्र र अनन्त जीवन दिनको निम्ति उहाँ तेस्रो दिनमा बौरी उठ्नुभयो।
- ☐ यो क्षमादान र अनन्त जीवन पाउन हामीले पश्चाताप र प्रभु विश्वास गर्नैपर्छ।

५ जब मानिसहरुले प्रभुको मृत्यु र पुनरुत्थानको मूल्य बुझ्दछ अनि तयार बन्दछन्, उनीहरुले :

- ☐ प्रभु येशूमा विश्वास गरेर आफ्नो पापको पश्चाताप गरेर र बप्तिस्मा लिनुपर्छ।
- ☐ येशूले आज्ञा गर्नुभएका कुराहरु गर्नुभन्दा अघि, ६ महिनासम्म सैद्धान्तिक कक्षा लिनु जरुरी हुन्छ।

६ प्रेरितहरु कसरी प्रचार गर्न जान्थे ?

- ☐ एकलै।
- ☐ दुइ दुइ जना गरेर।

जब हामी सुसमाचार प्रचार गर्दछौं, हामीले अरुलाई हामीसँग लैजानु पर्छ । यसरी हामीले उनीहरुलाई अझ राम्ररी तालीम दिनसक्छौं ।

अभ्यासको काम

- सुसमाचार प्रचारको निम्ति पवित्र आत्माको अगुवाइ र शक्तिको निम्ति प्रार्थना गर्नोस् । तपाईका आफन्तहरु, मित्रहरु र अन्य परिवारका प्रमुख व्यक्तिहरुले प्रभुलाई चिनून् भनेर प्रार्थना गर्नोस् ।

- परिवारका प्रमुखहरुलाई भेट्नोस् अनि "सर्वोत्तम सन्देश" कोर्स प्रयोग गरेर सुसमाचार प्रचार गर्नोस् (तपाईका आफन्तहरु र मित्रहरुबाटै शुरु गर्नोस्)।

- जब तपाई परिवाहरुमा जानुहुन्छ, बिरामीहरुको लागि प्रार्थना गर्नोस् ।

- तपाईले कसरी सुसमाचार प्रचार गर्नुहुन्छ, सो देखून् भनी मण्डलीका अरु सदस्यहरुलाई तपाईसंग लानोस् ।

- “सर्वोत्तम सन्देश” कोर्स प्रयोग गरेर पनि कुनै प्रतिफल पाउनु भएन भने सुसमाचारका अरु तरिका अप्नाउनोस् ।

- तलको रेजिस्टर प्रयोग गरेर कोर्स गरिरहनेहरुका प्रगति विवरण लेख्नोस् ।

प्रगति विवरण - “सर्वोत्तम सन्देश”

जब हरेक विद्यार्थीले “सर्वोत्तम कोर्स” प्राप्त गर्छ, एउटा वृत्त चिन्ह लाउनोस्, अनि जब उसले अध्ययन गरिसक्छ, त्यही वृत्तमाथि क्रस चिन्ह लाउनोस् । (पहिलो पंक्तिमा एक नमूना दिइएको छ)

विद्यार्थीहरुको नाउँ

जीवन सुब्बा	~~१~~	~~२~~	३	४	५	६	७	८
	१	२	३	४	५	६	७	८

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

_____ ๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘

टिप्पणीहरु

अध्ययन १

सर्वोत्तम सन्देश



हामीले सामना गर्नुपर्ने आत्मिकी खतराहरु

यो नूहको कथा हो । नूह एक पवित्र व्यक्ति थिए, जो पर मेश्वरसितको संगतिमा जिउँथे ।

परमेश्वरले त्यसबेलाको संसारलाई हेर्नुभयो अनि भ्रष्टले भएको देख्नुभयो, किनकि मानिसहरुले दुष्ट जीवन जिइरहेका थिए । परमेश्वरले नूहलाई भन्नुभयो, "सबै मानिसहरुको अन्त्य गर्ने मैले अठोट गरेको छु, किनभने पृथ्वी तिनीहरुद्वारा उपद्रवले भरिएको छ । हेर, म तिनीहरुलाई पृथ्वीसमेत नाश गर्नेछु ।"

"तैंले राम्रो काठको एउटा जहाज बनाउनू । जहाजमा कोठा कोठा बनाउनू र त्यसलाई भित्र बाहिर अलकत्राले लिप्नु ।.... जीवनको सास हुने आकाशमुनिका सबै प्राणीलाई म सर्वनाश पार्नलाई पृथ्वीमा जलप्रलय ल्याउनेछु, र पृथ्वीमा भएको हरेक प्राणी मर्नेछ । तर तँसँग चाहिँ म आफ्नो करार स्थापित गर्नेछु ।"

“तँ तेरा छोराहरु, तेरी स्वास्नी र तेरा बुहारीहरुसमेत जहाजमा आउनेछस् । सबै जीवित प्राणीमध्ये हरेक जातका भाले र पोथी दुइ-दुइ गरी जहाजमा ले, र तिनीहरु पनि तँसँग बाँचिरहून् । पक्षीहरुमध्ये तिनीहरुका जात-जातअनुसार, पशुहरुमध्ये तिनीहरुका जात-जातअनुसार र जमीनमा घस्रने सबै प्राणीहरुमध्ये जात-जातअनुसार– सबै थरिका दुइवटा– तिनीहरु जीवित रहनलाई तँकहाँ आउनेछन् । हरेक किसिमका आहारा पनि तैंले आफ्नो साथमा जम्म गरेर राख्नू ।”

परमेश्वरले नूहलाई आज्ञा गर्नुभए बमोजिम तिनले सबै गरे । तब परमेश्वरले नूहलाई भन्नुभयो, “तँ र तेरा सबै जहान जहाजभित्र जाओ । किनभने यस पुस्तामा मेरो सामु तँलाई मैले धर्मी देखेको छु ।... अबको सात दिनमा म पृथ्वीमा चालीस दिन र चालीस रात पानी बर्साउनेछु । जति प्राणीलाई मैले बनाएको छु, ती सबैलाई पृथ्वीबाट नाश गर्नेछु ।”

परमेश्वरले नूहलाई हुकुम गर्नु भएबमोजिम जहाजभित्र पसेका प्राणी भाले र पोथी गरी आए । त्यसपछि परमप्रभुले जहाजको ढोका थुनिदिनुभयो ।

पृथ्वीमा चालीस दिनसम्म जलप्रलय भइरहचो । पानी बढेर जहाजलाई उचाल्न लाग्यो र त्यो जमीनबाट माथि जान लाग्यो । पानी धेरै परिरहचो र चौपट्टै बढेर पृथ्वीमा भरिन लाग्यो, र जहाज पानी माथि-माथि उत्रन लाग्यो । पानी पृथ्वीमा जोरसँग परिरहचो र आकाशमुनिका जम्मै अल्गा-अल्गा पर्वतहरु ढाकिए । पानी बढेर आयो र पर्वतहरुलाई २५ फीटसम्म डुबाइदियो ।

पृथ्वीमा चलहल गर्ने सबै जीवित जीवात– के पक्षी, के पालिन पशु, के वन-पशु, के भूइँमा घस्रने सबै प्राणीहरु– तथा सबै मानिसहरु मरे ।... केवल नूह र जति जना तिनीसित जहाजमा थिए तिनीहरु मात्र जीवितै रहे । (उत्पत्ति ६:९ देखि ७:२४)

अब तपाईले निम्न प्रश्नहरुको उत्तर दिनुहोस् :

किन परमेश्वरले नूहलाई बचाउनु भयो ?

किन परमेश्वर त्यसबेलाको संसारलाई यसरी सजाय दिनुभयो ?

आज पनि परमेश्वरले यस पृथ्वीलाई हेर्नुहुन्छ। उहाँले आजको संसारबारे के सोच्नुहुन्छ जस्तो तपाईलाई लाग्छ ? यसलाई देखेर उहाँ खुशी हुनुहुन्छ कि दुःखी ?

तलका सूचीहरुमध्ये कुन कुन चाहिँ पापका परिणामहरु हुन्, रेखाङ्कित गर्नोस् :

युद्धहरु	अपराधहरु	पारपाचुके
वेदना	गरीबी	मृत्यु
झूट	अनन्त दण्ड	

परमेश्वरको वचन अनुसार, यी सबै कुराहरु पापका परिणामहरु हुन्।

जहाजभित्र पसेर जलप्रलयबाट आठ जना व्यक्तिहरु बाँचेको प्राचीन कथाले हामीलाई आजको दिनमा अति प्रमुख अर्को घट्नाबारे सम्झना दिलाउँछ। बाइबलले बताउँछ कि येशू खीष्ट हाम्रा पापको निम्ति बलिदान भएर मर्नुभयो। उहाँ नै त्यो "जहाज" हुनुहुन्छ जहाँ हामी परमेश्वरको क्रोधबाट सुरक्षित रहन सक्छौं। तेस्रो दिनमा येशू मृतहरुबाट बौरी उठ्नुभयो।

यदि हामीले येशू खीष्टमा परमेश्वरको क्षमादान पाएनौं भने हामीले के खतरा आइपर्छ ?

के येशू मरेको मरेकै हुनुभयो ?

तेस्रो दिनमा के भयो ?

कन्ठस्थ गर्नोस्

"यदि हामीले आफ्ना पापहरु स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ ।"

(१ यूहन्ना १:९)

अभ्यासको काम

- परमेश्वरसँग प्रार्थना गरेर तपाईका पापहरु मानिलिनोस् ।

- तपाईको परिवारलाई जलप्रलयको कथा भन्नुहोस् ।

टिप्पणीहरु:

_____

_____

_____

_____

अध्ययन र अभ्यासको काम गरेको

_____ _____

(मिति) (शिक्षकको सही)

अध्ययन २

सर्वोत्तम सन्देश



खीष्टमा विश्वास गर्दा उद्धार हुन्छ

मुख्य पूजाहारीहरु र फरिसीहरुले महासभाका सदस्यहरुलाई बोलाए र तिनलाई भने, “अब हामी के गरौं ? किनभने यस मानिसले त धेरै चिन्हहरु गरिरहेछ। यसलाई यसै छोडिदियौं भने सबैले यसमाथि विश्वास गर्नेछन् र रोमीहरुले आएर हाम्रो पवित्रस्थान र हाम्रो जाति दुवैलाई नष्ट पार्नेछन् ।”

तर तिनीहरुमध्ये एक जना, कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए, उनले तिनीहरुलाई भने, “तिमीहरु केही पनि जान्दैनौ उ समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरुको कल्याण छ भनी तिमीहरु बुझ्दैनौ ।”

यो तिनले आफ्नै तर्फबाट भनेका होइनन्, तर त्यस वर्षका प्रधान पूजाहारी भएका हुनाले राष्ट्रको निम्ति येशू मर्नुपर्छ भन्ने अगमवाणी बोलेका हुन् । राष्ट्रको निम्ति मात्र तिनले यो भनेका थिएनन्, तर छरपष्ट भएका परमेश्वरका सन्तानलाई एकसाथ जम्मा गर्नलाई यो भनिएको थियो ।

यसैले त्यस दिनदेखि यहूदी अधिकारीहरुले येशूलाई मार्ने मतो गरे । (यूहन्ना ११:४७-५३)

तब तिनीहरुले येशूलाई प्रधान पूजाहारीकहाँ लगे, र त्यहाँ सबै मुख्य पूजाहारीहरु, धर्म-गुरुहरु र शास्त्रीहरु त्यहाँ जम्मा भएका थिए ।... तर येशू चूप लाग्नुभयो, र केही जवाफ दिनुभएन । फेरि प्रधान पूजाहारीले उहाँलाई सोधे, "के तँ परमधन्यको पुत्र ख्रीष्ट होस् ?" येशूले भन्नुभयो, "म हुँ, अनि तपाईहरुले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने बाहुलीतर्फ बसिर हेको र आकाशका बादलहरुका साथमा आइरहेको देख्नुहुनेछ ।"

तब प्रधान पूजाहारीले आफ्नो वस्त्र च्यातेर भने, "हामीलाई अरु साक्षीहरुको के दरकार पर्‍यो र ? तिमीहरुले ईश्वर-निन्दा त सुनिहाल्यौ । तिमीहरुको के विचार छ ?" अनि तिनीहरु सबैले उहाँलाई मृत्युदण्डको योग्य ठहराए ।... त्यसपछि तिनीहरुले येशूलाई गलगथा भन्ने ठाउँमा ल्याए– गलगथाको अर्थ खोपडीको स्थान हो । अनि तिनीहरुले उहाँलाई मूर्र मिसाएको दाखमद्य दिए । तर उहाँले त्यो ग्रहण गर्नुभएन । तिनीहरुले उहाँलाई क्रूसमा टाँगे । अनि कसले कुन भाग पाउने सो निश्चय गर्न चिरा हालेर तिनीहरुले उहाँका लुगाहरु आपसमा बाँडे ।

बाह्र बजेदेखि तीन बजेसम्म सारा देशलाई अन्धकारले छोप्यो । तीन बजेतिर यसो भनेर येशू ठूलो सोरले कर ाउनुभयो, “इलोई, इलोई, लामा सबखथनी ?” – जसको अर्थ हो, “हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन त्याग्नुभएको छ ?”

तब येशूले ठूलो सो निकालेर प्राण त्याग्नुभयो ।.... येशूले यसरी प्राण त्याग्नुभएको देखेर उहाँको सामने उभिएका कप्तानले भने, “साँच्चै नै यो मानिस परमेश्वरका पुत्र रहेछन् ।”

शबाथ-दिन बितेपछि मरियम मग्दलिनी र याकूबकी आमा मरियम र सलोमीले सुगन्धित द्रव्य येशूको शरीरमा घस्नलाई किने । साताको पहिलो दिनमा बिहानै घाम झुल्कँदा तिनीहरु चिहानमा गए । अनि तिनीहरुले आपसमा भने, “हाम्रा निमिति चिहानको ढोकाको ढुङ्गा कसले हटाइदेला ?”

अनि मास्तिर हेर्दा तिनीहरुले चिहानको त्यो ढुङ्गा हटाइराखेको देखे । त्यो ढुङ्गा खूब ठूलो थियो । अनि चिहानभित्र पसेर तिनीहरुले त्यो सेतो वस्त्र लाएको एउटा जवान मानिसलाई दाहिनेपट्टि बसिरहेको देखे, र तिनीहरु आश्चर्यचकित भए ।

तर उनले तिनीहरुलाई भने, *"आश्चर्य नमान, तिमीहरु नासर तका येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो । उहाँ जीवित भई उठ्नुभएको छ । उहाँ यहाँ हुनुहुन्न !"* (मर्कूस १४:५३, ६१-६४, १५:२२-२४, ३३-३९, १६:१-६)

तिनीहरुले यी कुरा गर्दागर्दै येशू तिनीहरुका बीचमा खडा हुनुभयो, र भन्नुभयो, *"तिमीहरुलाई शान्ति होस् ।"* तिनीहरु तर्से, र डरले आत्तिए, र "हामीले प्रेत देखिरहेछौं" भन्ने सम्झे । तर उहाँले तिनीहरुलाई भन्नुभयो, *"तिमीहरु किन विचलित हुन्छौ, र तिमीहरुका हृदयमा किन शङ्का उत्पन्न हुन्छ ? मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर । किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरु देख्छौ, मेरा त छन् ।"*

तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरुको समझ खोलिदिनुभयो । उहाँले तिनीहरुलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, अनि यरुशलेमबाट शुरु गरेर सबै जातिहरुलाई उहाँको नाउँमा पश्चाताप र पाप क्षमाको प्रचार हुनुपर्छ ।" (लूका २४:३६-३९, ४५-४७)

कसले येशूलाई दोषी ठहराए ?

किन प्रधान पूजाहारी येशूसित रिसाए ?

हामीलाई बचाउनको निम्ति येशूले के गर्नुभयो ?

तेस्रो दिनमा के भयो ?

पुनरुत्थान पछि उनीहरुले देखेको प्रेत होइन, तर उहाँ नै हुनुहुन्छ भनी कसरी प्रभुले चेलाहरुलाई निर्धक्क पार्नुभयो ?

हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरुद्वारा तिमीहरु निको भयौ । (१ पत्रुस २:२४)

हामीलाई पापक्षमा दिने एउटै बलिदान कुन हो ?

के तपाई र तपाईको परिवारले मृत्युबाट पुनरुत्थान हुनुभएको प्रभुबाटको पापक्षमा र उद्धार पाउन चाहनुहुन्छ ?

☐ ज्यू, चाहन्छौं ।

☐ अहँ, चाहन्नौं ।

कन्ठस्थ गर्नोस्

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"

(यूहन्ना ३:१६)

अभ्यासको काम

- प्रार्थनामा तपाईले एउटै मुक्तिदाता, येशू ख्रीष्टको नाउँमा परमेश्वरसँग आफ्ना पाप क्षमा माग्नोस् ।

- तपाईले आफ्ना परिवारसित येशूको मुद्दा, मृत्यु र पुनरुत्थानबारे कुरा गर्नोस् ।

अध्ययन र अभ्यासको काम गरेको

_____ _____

(मिति) (शिक्षकको सही)

अध्ययन ३

सर्वोत्तम सन्देश

सबैले पाप गरेका छन् अनि पश्चाताप गर्नैपर्छ

कर उठाउनेहरु र पापीहरु सबै उहाँको वचन सुन्नलाई उहाँको नजीक आइरहेका थिए । "यस मानिसले त पापीहरुलाई ग्रहण गर्दछ, र तिनीहरुसँग खानपान गर्छ" भनी फरिसीहरु र शास्त्रीहरु गनगनाउन लागे ।

तब उहाँले तिनीहरुलाई यो दृष्टान्त भन्नुभयो: "तिमीहरुमध्ये कुन मानिस होला, जसको एक सय भेडामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोडेर हराएको भेडा नपाउञ्जेल त्यसको खोजी गर्दैन ?"

"म तिमीहरुलाई भन्दछु, यसरी पश्चाताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरुका लागि भन्दा पश्चाताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढी आनन्द हुनेछ ।"

उहाँले भन्नुभयो, "कुनै मानिसका दुइ छोरा थिए । कान्छाचाहिँले बाबुलाई भन्यो, 'पिताज्यू, मेरो भागमा पर्ने धन-

सम्पत्तिको हिस्सा मलाई दिनुहोस् ।' तब तिनले आफ्नो सम्पत्ति तिनीहरुलाई बाँडिदिए ।

धेरै दिन बित्दा नबित्दै सबै धन-सम्पत्ति बटुलृर कान्छो छोरो टाढा देशमा गयो, र त्यहाँ भोग-विलासमा आफ्नो सम्पत्ति उडायो । त्यसले सबै रुपियाँपैसा खर्च गरिसकेको थियो । त्यसै बेला त्यस देशमा ठूलो अनिकाल पऱ्यो, र त्यसलाई अभाव हुन थाल्यो । त्यो गयो, र त्यस देशको एक जना नागरिककहाँ त्यसले काम माग्यो । उसले त्यसलाई आफ्नो खेतमा सुँगुरहरु चराउन पठायो । सुँगुरले खाने चारोले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई केही दिँदैनथ्यो ।

अन्तमा त्यसको चेत खुल्यो र भन्यो, "मेरा बाबुका धेरै ज्यालादारी चाकरहरु भरपेट खाएर उबार्ने गर्छन्, तर मचाहिँ भोकले मरिरहेछु । म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, 'बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईको दृष्टिमा पाप गरेको छु । अब उप्रान्त म तपाईको छोरो भनिने योग्यको छैनँ । मलाई तपाईका ज्यालादारी चाकर हरुमध्ये एउटासरह तुल्याउनुहोस् ।' तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो ।

तर त्यो धेरै टाढा छँदा त्यसका बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौडेर गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे । छोराले तिनलाई भन्यो, 'बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईको दृष्टिमा पाप गरेको छु । म फेरि तपाईको छोरो भनिने योग्यको छैनँ ।'

तर बाबुचाहिँले आफ्ना कमाराहरुलाई भने, 'झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई पहिराइदेओ । त्यसको हातमा औंठी, र खुट्टामा जुत्ता लगाइदेओ, र पुस्टाइरहेको पशु मार, र हामी खाएर आनन्द मनाऔं । किनकि यो मेरो छोरो मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ ।' तब तिनीहरु आनन्द मनाउन लागे ।

तर जेठो छोरो रिसायो, र भित्र जान मानेन, र त्यसको बाबुले बाहिर गएर त्यसलाई मनाउन लागे । तर त्यसले बाबुलाई भन्यो, 'हेर्नुहोस्, यतिका वर्ष मैले तपाईको सेवा गरिरहेछु, अनि तपाईको आज्ञा कहिल्यै उल्लङ्घन गरिनँ, तापनि मैले आफ्ना साथीहरुसँग आनन्द मनाउन तपाईले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन । तर तपाईको सम्पत्ति वेश्याहरुसँग उडाउने यो तपाईको छोरो आउँदाचाहिँ तपाईले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो ।'

तब बाबुले त्यसलाई भने, 'छोरो, तँ त मसँग सधैंभरि छँदैछस्, अनि मेरो सबै सम्पत्ति तेरै हो । तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ' ।" (लूका १५:१-४, ७, ११-२४, २८-३२)

कान्छो छोरोले के भूल गरेको थियो ?

के उसले आफ्ना पापहरु मानिलियो ?

☐ ज्यू, मानिलियो ।

☐ अहँ, मानिलिएन ।

त्यस कान्छो छोरोले इमान्दारपूर्वक आफ्ना पापहरुको पश्चाताप गऱ्यो । सबै मानव जाति पापी हुन् भनी के तपाईले मानिलिनुहुन्छ (अर्थात, हरेकले कुनै कुनै रुपमा पर मेश्वरको मन दुखाएको छ)?

☐ ज्यू, मानिलियो ।

☐ अहँ, मानिलिएन ।

कान्छो छोरोले पश्चाताप गर्ने पापी मानिसको प्रतिनिधित्व गर ेको छ। पिताले चाहिँ कसको प्रतिनिधित्व गर्नुभएको छ ?

पिताले परमेश्वरको प्रतिनिधित्व गर्नुभएको छ। के पिताले त्यो कान्छो छोरो क्षमा दिनुभयो ?

☐ ज्यू, मानिलियो।

☐ अहँ, मानिलिएन।

यदि तपाई साँच्चै पश्चातापी हुनुहुन्छ भने, के तपाईको स्वर्गीय पिताले तपाईलाई क्षमा गर्नुहुनेछ ?

☐ ज्यू, मानिलियो।

☐ अहँ, मानिलिएन।

जेठा छोराले चाहिँ धार्मिक मानिसहरुको प्रतिनिधित्व गर्दछ जसले नयाँ विश्वासीहरुलाई हेला गर्दछ। उसले ठान्दछ कि परमेश्वरको अनुग्रह उसले मात्र पाउनु पर्दछ। तर जब एक जना पापीले जब पश्चाताप गर्दछ, तब स्वर्गमा आनन्द छाउनेछ भनी येशूले भन्नुभयो।

के परमेश्वरले तपाईको निम्ति पनि आनन्द मनाउनु हुन्छ होला ?

हामीलाई बचाउनको निम्ति प्रभु येशूले के गर्नुभयो ?

हामीलाई बचाउनको निम्ति येशू मर्नुभयो अनि बौरी उठ्नुभयो। जब हामी उहाँलाई विश्वासद्वारा ग्रहण गर्दछौं, पवित्र आत्माद्वारा उहाँ हाम्रो हृदयमा आउनुहुन्छ। उहाँले हामीलाई पश्चाताप गर्नको निम्ति सहयोग गर्नुहुन्छ। के तपाई पनि आफ्नो जीवनमा यो स्थायी परिवर्तन चाहनुहुन्छ ?

☐ ज्यू, मानिलियो।

☐ अहँ, मानिलिएन।

बाइबल अनुसार, असल काम उत्पन्न नगरेसम्म विश्वासको मूल्य केही पनि हुन्न। हामीलाई यो विराट परिवर्तनमा कसले सहयता गर्नुहुन्छ ?

को आत्माले _____

कन्ठस्थ गर्नोस्

"पश्चाताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ ।"

(प्रेरित २:३८)

अभ्यासको काम

- प्रार्थनामा तपाईले आफ्नो जीवन पवित्र आत्माद्वारा भरिनको निम्ति, साथै तपाईको जीवन परिवर्तन गरिदिन र मनलाई नयाँ तुल्याउई दिनु हुन बिन्ती गर्नुहोस् ।

- तपाईको परिवारलाई उडाऊ पुत्रको कथा भन्नुहोस् ।

अध्ययन र अभ्यासको काम गरेको

_____ _____

(मिति) (शिक्षकको सही)

अध्ययन ४

सर्वोत्तम सन्देश

बप्तिस्मामा खीष्टसित गाडिएको

...अनि फिलिप उठेर गए, र एक जना इथियोपियाली नपुंसकलाई भेटे, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठूला पदाधिकारी र समस्त सम्पत्तिका कोशाध्यक्ष थिए। उनी यरुशलेममा आराधना गर्न गएका थिए। उनी फर्किरहेका थिए, र आफ्नो रथमा बसी यशैया अगमवक्ताको पुस्तक पढिरहेका थिए।

तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको पछि लाग। फिलिप तिनीकहाँ दौडेर गए, र तिनलाई यशैया अगमवक्ताको पुस्तक पढिरहेको सुनेर उनले सोधे, "तपाईले पढिरहनुभएको कुरा बुझ्नुहुन्छ ?"

तब तिनले भने, "कसैले नबताईकन म कसरी बुझ्न सक्छु र ?"

अनि तिनले फिलिपलाई रथमा चढी तिनको साथमा बस्ने अनुरोध गरे। अब तिनले पढिरहेका धर्मशास्त्रको खण्ड यो थियो, "जसरी भेडा काटिनलाई लगिन्छ, वा थुमा ऊन कत्रनेको सामु चूप रहन्छ, त्यसरी नै उसले आफ्नो मुख खोलेन।

उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन। उसको पुस्ताको बयान कसले गर्ने ? किनभने उसको जीवन पृथ्वीबाट हरण भयो।" तब ती नपुङ्सकले फिलिपलाई भने, "कृपा गरी मलाई भन्नुहोस्, अगमवक्ताले यो कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि अरु कसैको विषयमा ?"

तब फिलिपले आफ्नो मुख खोले धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए। अनि उनीहरु बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा ठाउँनेर आइपुगे। ती नपुङ्सकले भने, "हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ ?"

त्यो अधिकारीले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुङ्सक दुवै पानीमा ओर्ले, र फिलिपले तिनलाई बप्तिस्मा दिए। (प्रेरित ८:२७-३८)

इथियोवासीले पढिरहेको अंशमा भेडालाईझैं कसलाई मारिनको निम्ति लगिएको थियो ?

येशू खीष्ट नै मुक्तिदाता हुनुहुन्छ भनी कसले इथियोवासीलाई विश्वास दिलाए ?

_____

इथियोवासीले साँच्चै विश्वास गरेको हो भनेर उसले कसरी प्रमाणित गरे ?

_____

_____

बप्तिस्माको अर्थ हुन्छ– हामी प्रभु येशू खीष्टसँग उहाँको मृत्यु र पुनरुत्थानमा एक भएका छौं । हामी पापमय जीवनमा मर्दछौं, अनि नयाँ, पवित्र र अनन्त जीवनमा फेरि जीवित हुँदछौं ।

हामीलाई यो जीवन कसले दिन्छ ?

_____

बप्तिस्माले हाम्रा पापहरु धोइएको बुझाउँछ। पानीले नै ता पापलाई धुने काम गर्दैन। १ यूहन्ना १:७ मा हामी पढ्दछौं : "येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।"

हाम्रा पाप धोइ लैजाने एउटै कुरो के हो ?

यदि हामीले खीष्टमा विश्वास गर्‍यौं भने किन उहाँले हामीलाई नरकमा पठाउनु हुन्न ?

कलस्सी २:१२ ले भन्दछ, *"बप्तिस्मामा तिमीहरु उहाँसँग गाडिएका थियौ। मरेकाहरुबाट उहाँलाई जीवित पार्नुहुने पर मेश्वरको कार्यमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरु पनि उहाँसँगै जीवित पारियौ।"*

बप्तिस्माका दुइ तत्त्वहरु छन्– भौतिक (पानी), अनि आत्मिक (पवित्र आत्माको काम)। विश्वासद्वारा हामी परमेश्वरको आत्माबाट खीष्टसँग एक भएका छौं ।

कसले हामीलाई येशूसँग एक पार्दछ ?

_____ आत्माले ।

के तपाई परमेश्वरको क्षमादान र येशूले दिनु हुने नयाँ जीवन चाहनुहुन्छ ?

☐ ज्यू, मानिलियो ।

☐ अहँ, मानिलिएन ।

कन्ठस्थ गर्नोस्

"हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले र रोक्नसक्छ ?"

(प्रेरित ८:३६)

अभ्यासको काम

- तपाईको परिवारलाई बप्तिस्माको अर्थ बुझाइदिनुहोस् (हाम्रा पापहरु क्षमा भएका छन्, अनि हामी खीष्टसित एक भएका छौं – पापको लेखि मरेका, अनि उहाँमा एक नयाँ, पवित्र र अनन्त जीवन शुरु गर्न ब्युँतेका छौं ।)

- तपाईको परिवारलाई फिलिप र इथियोपियाबासीको बारेमा बताइदिनोस् ।

अध्ययन र अभ्यासको काम गरेको

_____ _____

(मिति) (शिक्षकको सही)

टिप्पणीहरु

अध्ययन ५

सर्वोत्तम सन्देश

विश्वासद्वारा जीवित प्रभु येशूले हामीलाई बचाउनु हुन्छ

एक दिन जब हामी प्रार्थना गर्ने ठाउँमा गइरहेका थियौं, तब जोखना हेर्ने आत्मा भएकी एउटी कमारी केटीसँग हाम्रो भेट भयो, जसले जोखना हेरेर त्यसका मालिकहरुका निम्ति धेरै कमाइ गरिदिन्थी । त्यो पावल र हाम्रा पछिपछि लागी, र यसो भन्दै चिच्च्याई, "यी मानिसहरु सर्वोच्च परमेश्वरका सेवकहरु हुन् । यिनीहरुले तिमीहरुलाई मुक्तिका बाटोका घोषण गर्छन् ।"

त्यसले धेरै दिनसम्म यसो गरिरही । तब पावलले झिजो मानेर फनक्क फर्की त्यस दुष्टात्मालाई भने, "येशू ख्रीष्टको नाउँमा म तँलाई त्यसबाट निस्कने आज्ञा गर्दछु ।" अनि त्यो दुष्टात्मा त्यही घडी निस्किहाल्यो ।

तर त्यसका मालिकहरुले तिनीहरुका कमाइका आशा विफल भएको देखेर पावल र सिलासलाई समातेर बजारको चोकमा शासकहरुलाई तान्दै लगे । अनि तिनीहरुलाई शहरका रोमी हाकिमहरुकहाँ ल्याएर भने, "यी मानिसहरु यहूदी हुन्,

यिनीहरुले हाम्रो शहरमा गोलमाल मच्चाउँछन् । यिनीहरुले यस्ता-यस्ता प्रथाहरु सिकाउँछन् जो हामी रोमीहरुलाई ग्रहण गर्न वा पालन गर्न न्यायसङ्गत छैन ।”

तब भीडहरु मिलेर तिनीहरुमाथि जाइलागे । शहरका हाकिमहरुले तिनीहरुका वस्त्र च्यातेर फालिदिए, र तिनीहरुलाई छडी लगाउने आज्ञा दिए । उनीहरुले तिनीहरुलाई निकै छडी लगाएपछि तिनीहरुलाई भ्यालखानमा हालिदिए, र भ्यालखानका हाकिमलाई यी कैदीहरुलाई कडा निगरानीमा राख्ने हुकुम दिए । यस्तो हुकुम पाएर उनले तिनीहरुलाई भ्यालखानको भित्री भागमा लगी तिनीहरुका खुट्टामा ठिँगुरो ठोकेर राखिदिए ।

तर आधा राततिर पावल र सिलास प्रार्थना गर्दै परमेश्वरका भजन गाइरहेका थिए, र अरु कैदीहरुले सो सुनिरहेका थिए । तब एक्कासि एउटा ठूलो भैँचालो गयो, र भ्यालखानका जगहरु हल्लिए ।

तुरन्तै जम्मै ढोकाहरु उघ्रिए, र सबै बन्धनहरु खुले । भ्यालखानका हाकिम निद्राबाट ब्यूँझे, र भ्यालखानका ढोकाहरु उघ्रेका देखेर कैदीहरु सबै भागिसके भन्ठानेर उनले अपहत्या गर्ने विचारले आफ्नो तरवार थुते । तर पावलले चर्को सोरले यसो भन्दै कराए, "तपाईले आफूलाई केही नोक्सानी नगर्नुहोस्, किनकि हामी सबै यहीँ छौं ।"

तब हाकिमले बत्ती मागेर उनी हामफाल्दै भित्र आए, र डरले काम्दै पावल र सिलासका अगाडि घोप्टो परे ।

तिनीहरुलाई बाहिर ल्याएर उनले भने, "उद्धार पाउनलाई मैले के गर्नुपर्छ ?" अनि तिनीहरुले भने, "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईले उद्धार पाउनुहुनेछ– तपाई र तपाईका परिवारले ।"

तिनीहरुले उनलाई र उनको घरमा भएका जति सबैलाई प्रभुको वचन सुनाए । तब रातको त्यही घडी उनले तिनीहरुलाई लगेर घाउ धोइदिए । अनि उनी र उनका परिवारले तुरन्तै बप्तिस्मा लिए । त्यसपछि तिनीहरुलाई घरमा

ल्याएर तिनीहरुका सामने भोजन राखिदिए, र परमेश्वरमा विश्वास गरे भन्ने कुरामा उनका सारा परिवारसँग उनी आनन्दित भए । (प्रेरित १६:१६-३४)

प्रेरित पावलले त्यस केटीबाट दुष्टात्मा निकालिदिए । उनले कसको नाउँमा निक्लनको निम्ति हुकुम गरे ?

_____

पावल र सिलास किन भ्यालखानमा राखिएका थिए ?

_____

_____

पावल र सिलास भ्यालखानमा हुँदा उनीहरुले के गरे ?

_____

_____

किन कैदीहरुका साङ्लाहरु आफै फुक्लिए ?

भ्यालखानका हाकिमले आफैमाथि के गर्ने प्रयास गरे ?

भ्यालखानबाट पावल र सिलासलाई निकाल्दै गर्दा भ्यालखानका हाकिमले के प्रश्न गरे ?

उद्धार पाउनको लागि के गर्नु पर्छ भनी पावल र सिलासले भ्यालखानका हाकिमलाई भने ?

पावल र सिलासका घाउहरु धोइदिएपछि भ्यालखानका हाकिम र उसको परिवारले के गरे ?

हामीलाई बचाउनका लागि येशू ख्रीष्टले के गर्नुभयो ?

क्रूसीकरण भएको तेस्रो दिनमा येशू के हुनुभयो ?

तपाई र तपाईका परिवारले पाप क्षमा पाउनको लागि येशू ख्रीष्टको मृत्यु पर्याप्त छ भनेर के तपाई विश्वास गर्नुहुन्छ ?

☐ ज्यू, मानिलियो ।

☐ अहँ, मानिलिएन ।

खीष्टको पुनरुत्थानले तपाई र तपाईका परिवारलाई नयाँ जीवन दिनसक्छ भनी के तपाई विश्वास गर्नुहुन्छ ?

☐ ज्यू, मानिलियो ।

☐ अहँ, मानिलिएन ।

बौरी उठ्नु भएको परमेश्वरले तपाईलाई नयाँ जीवन दिन चाहनुहुन्छ । यो नयाँ जीवन कति लामो समयसम्म रहला ?

_____

_____

_____

कन्ठस्थ गर्नोस्

"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" ।

(मर्कूस १६:१६)

अभ्यासको काम

- येशू ख्रीष्टमा अनन्त मुक्ति पाउनको लागि परमेश्वरसँग प्रार्थना गर्नोस् । (मुक्ति ता तपाईले गर्नुभएका असल कामबाट होइन, तर ख्रीष्टले गर्नुभएको बलिदानद्वारा प्राप्त हुन्छ, तपाईको निम्ति उहाँले आफ्नो जीवन दिनुहुन्छ, अनि मृतबाट ब्युँताउनुहुन्छ ।)

- भ्यालखानका हाकिमको कथा आफ्नो परिवारलाई बुझाइदिनोस् ।

अध्ययन र अभ्यासको काम गरेको

_____ _____

(मिति) (शिक्षकको सही)

टिप्पणीहरु

अध्ययन ६

सर्वोत्तम सन्देश

अनन्त जीवन दिने रोटी

येशू गालील झीलको पारिपट्टि जानुभयो । येशूले आफ्ना चारैतिर हेर्दा एउटा ठूलो भीड आफूकहाँ आइरहेको देखेर फिलिपलाई भन्नुभयो, “यिनीहरुलाई खुवाउनको निम्ति हामीहरुले कहाँबाट रोटी किन्ने ?” फिलिपले उहाँलाई जवाफ दिए, “प्रत्येकले अलि-अलि पाए तापनि यिनीहरुलाई खुवाउन आठ महिनाको ज्यालाभन्दा बढी लाग्नेछ ।”

आन्द्रियासले भने, “यहाँ एउटा ठिटो छ, त्यससँग जौका पाँच रोटी र दुइ माछा छन् । तर यति धेरैका निम्ति यतिले के पुग्ला र ?” येशूले भन्नुभयो, “मानिसहरुलाई बस्न लाओ ।” (त्यहाँ धेरै घाँस भएको चउर थियो ।) तब सबै बसे, अनि त्यहाँ पाँच हजार पुरुषहरु थिए ।

येशूले रोटी लिनुभयो, र परमेश्वरलाई धन्यवाद चढाउनुभएपछि बस्नेहरुलाई बाँडिदिनुभयो, र त्यसै गरी माछा पनि बाँडिदिनुभयो । तिनीहरुले चाहे जति खाए ।

तिनीहरु आएर उहाँलाई बलजफ्तीसँग लगी राजा बनाउन खोज्दैछन् भन्ने थाहा पाएर येशू फेरि एकलै डाँडामा जानुभयो ।

जब मानिसहरुले येशूलाई भेटे, तब येशूले भन्नुभयो, "तिमीहरुले अघाउञ्जेल रोटी खाएको कारणले मलाई खोज्दछौ । नष्ट हुने भोजनको निम्ति परिश्रम नगर, तर अनन्त जीवनसम्म रहने भोजनको निम्ति परिश्रम गर ।" तब उनीहरुले प्रश्न गरे, "हामीले के गर्नुपर्छ ?"

येशूले तिनीहरुलाई भन्नुभयो, "परमेश्वरको काम यही हो : जसलाई उहाँले पठाउनुभयो उसमाथि विश्वास गर ।"

उनीहरुले जवाफ दिए, "तपाई के चिन्ह देखाउनुहुन्छ , सो हामी हेरौं, र तपाईलाई विश्वास गरौं ? तपाई के गर्नुहुन्छ ? हाम्रा पितापुर्खाले उजाड स्थानमा मन्न खाए, जसरी लेखिएको छ, 'उहाँले तिनीहरुलाई खानलाई स्वर्गबाट रोटी दिनुभयो' ।"

येशूले तिनीहरुलाई भन्नुभयो, "साँच्चै, म तिमीहरुलाई भन्दछु, 'परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ' ।"

येशूले तिनीहरुलाई भन्नुभयो, “जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन...।” यहूदीहरु उहाँको विरुद्धमा गनगनाउन लागे। “यो येशू ता यूसूफको छोरो हो। तब कसरी ‘म स्वर्गबाट ओर्लिआएको हुँ’ भनी भन्दछ ?”

येशूले भन्नुभयो, “जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो।” तब यहूदीहरु आपसमा बहस गर्न लागे, “यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन सक्छ ?”

येशूले तिनीहरुलाई भन्नुभयो, “साँच्चै, म तिमीहरुलाई भन्दछु, तिमीहरुले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरुमा जीवन हुँदैन। मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु। किनभने मेरो देह साँच्चै खानेकुरो हो, र मेरो रगत साँच्चै पिउने कुरो हो। मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु। स्वर्गबाट आएको यो रोटी त्यस्तो होइन, जो पितापुर्खाहरुले खाए तापनि मरेर गए। यो रोटी खानेचाहिँ सधैंभरि जिउनेछ।”

यो सुनेपछि उहाँका चेलाहरुमध्ये धेरैले भने, “यो वचन कठोर छ । कसले यो सुन्न सक्तछ र ?”

येशूले तिनीहरुलाई भन्नुभयो, “के यी कुरा तिमीहरुका निम्ति ठोकरको कारण भइरहेछ ? जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन । जुन वचन मैले तिमीहरुसँग बोलेको छु, ती आत्मा र जीवन हुन् ।

यसपछि उहाँका चेलाहरुमध्ये धेरै जना पछि हटे । यसकारण येशूले बाह्रैलाई भन्नुभयो, “के तिमीहरु पनि मलाई त्यागेर जाने ?”

सिमोन पत्रुसले जवाफ दिए, “हे प्रभु, हामी कसकहाँ जाऔं ? तपाईसित अनन्त जीवनका वचन छन्, र हामीले विश्वास गरेका छौं र जानेका छौं, तपाई परमेश्वरका पवित्र जन हुनुहुन्छ ।”

ती थोरै रोटी र माछाबाट येशूले कति जनालाई खुवाउनु भयो ?

पाँच हजारलाई खुवाउनुभएपछि, उनीहरुले जे पाउन सक्थे त्यसैको निम्ति धेरैले येशूलाई पछ्याए। उनीहरुले येशूबाट के पाउन चाहेका थिए ?

येशूले तिनीहरुलाई बुझाइदिनुभयो कि जीवनको रोटी उहाँ नै हुनुहुन्छ। यसो भन्नुको आशय यो होइन कि उहाँको मासु खाएर हामीले हाम्रो भुँडी भर्नुपर्छ। उहाँले वास्तविक रुपमा भन्न चाहनुभएको कुरो हो– हामीले विश्वासद्वारा उहाँको आत्मा ग्रहण गर्नुपर्छ।

हामीले विश्वासद्वारा जीवनको रोटी हाम्रा हृदयमा ग्रहण गर्दछौं। जीवन दिने यो रोटी को हुनुहुन्छ ?

हामीले येशूमा पाउने यो जीवन कति समयसम्म रहिरहन्छ ?

_____

कसमा विश्वास गरेर हामीले परमेश्वरको आत्माद्वारा अनन्त जीवन पाउँदछौं ?

_____

के तपाई र तपाईको परिवारले आफ्ना जीवनमा प्रभु येशूलाई ग्रहण गर्न चाहनुहुन्छ ?

☐ ज्यू, मानिलियो ।

☐ अहँ, मानिलिएन ।

कन्ठस्थ पार्नोस्

“स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ । कसैले यो र ोटी खायो भने त्यो सधैंभरि जिउनेछ ।”

(यूहन्ना ६:५१)

अभ्यासको काम

- विश्वासद्वारा तपाईको हृदयमा येशू खीष्ट, जीवित रोटी, लाई ग्रहण गर्नोस् ।

- जीवनको रोटीको कथा तपाईको परिवारलाई पनि भनिदिनोस् ।

अध्ययन र अभ्यासको काम गरेको

_____ _____

(मिति) (शिक्षकको सही)

अध्ययन ७

सर्वोत्तम सन्देश



येशू खीष्टले प्रत्येक व्यक्तिलाई परिवर्तन गर्नसक्नुहुन्छ

उहाँहरु गालील समुद्रको पारिपट्टि गेरासेनसको मुलुकमा आउनुभयो । येशू डुङ्गाबाट बाहिर निस्कने बित्तिकै चिहानबाट अशुद्ध आत्मा लागेको एउटा मानिसले उहाँलाई भेटचो । त्यो चिहानहरु हुँदो बस्दथ्यो । कसैले पनि त्यसलाई साङ्लाले समेत बाँध्न सक्दैनथ्यो । किनकि त्यो धेरै पल्ट नेल र साङ्लाहरुले बाँधिएको थियो, र पनि त्यसले साङ्लाहरु टुक्रा-टुक्रा पारी छिनाल्थ्यो । कुनै मानिसले पनि त्यसलाई वशमा पार्न सकेको थिएन । त्यो रात र दिन सधैं चिहानहरु र डाँडाहरुमा कराउँदै आफूले आफैलाई ढुङ्गाले चिथोर्दै हिँड्थ्यो ।

जब त्यसले येशूलाई टाढैबाट देख्यो तब दौडेर आयो, र उहाँलाई दण्डवत् गऱ्यो । अनि ठूलो सोरले चिच्च्याएर त्यसले भन्यो, “हे सर्वोच्च परमेश्वरका पुत्र येशू, तपाईको मसँग के सरोकार ? म परमेश्वरको खातिर म तपाईसँग बिन्ती गर्दछु, कि मलाई दुःख नदिनुहोस् ।” (किनकि उहाँले त्यसलाई भन्नुभएको थियो, “ए अशुद्ध आत्मा, त्यस मानिसबाट निस्किआइज ।”)

अनि उहाँले त्यसलाई सोध्नुभयो, “तेरो नाउँ के हो ?” त्यसले उहाँलाई भन्यो, “मेरो नाउँ त फौज हो, किनकि हामी धेरै छौं !” ती भूतात्माहरुलाई त्यस इलाकाबाहिर ननिकालिदिनुहोस् भनी त्यसले उहाँलाई आग्रहपूर्वक बिन्ती गऱ्यो । त्यहाँ डाँडाको भीरतिर सुँगुरको एक ठूलो बगाल चरिरहेको थियो । ती भूतात्माहरुले यसो भनी उहाँलाई बिन्ती गरे, “हामीलाई सुँगुरहरुकहाँ जान दिनुहोस्, र हामी तीभित्र पस्छौं ।”

तब उहाँले तिनीहरुलाई अनुमति दिनुभयो । अशुद्ध आत्माहरु बाहिर निस्केर सुँगुरहरुभित्र पसे, अनि दुइ हजार सुँगुरको बगाल भीरबाट समुद्रतिर हुर्रिदैगए, र ती समुद्रमा डुबेर मरे ।”

ती सुँगुर चराउनेहरु भागे, र शहर र गाउँ-गाउँमा खबर दिए । र के भएको हो सो हेर्न मानिसहरु त्यहाँ आए । तब तिनीहरु येशूकहाँ आए, र त्यो भूत लागेको मानिसलाई येशूसँग देखे । उ त्यहाँ ठीक मनको भएर लुगा लगाई बसिर हेको थियो । यो देखेर तिनीहरु डराए । अनि जसले यो देखेका थिए, तिनीहरुले भूत लागेको मानिस र सुँगुरहरुलाई के भएको थियो सो बताइदिए ।

अनि तिनीहरुको इलाकाबाट गइहालून् भनी मानिसहरुले येशूलाई बिन्ती गर्न लागे । उहाँ डुङ्गामा पस्न लाग्नुहुँदा त्यो भूत लागेको मानिसले उहाँसँग रहनलाई यसरी बिन्ती गऱ्यो, "मलाई पनि तपाईसँगै जान दिनुहोस् ।" तर उहाँले त्यसलाई अनुमति दिनुभएन, तर त्यसलाई भन्नुभयो, "तिमी आफ्नो घरमा गएर तिम्रा मित्रहरुलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान काम र तिमीलाई देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ ।"

अनि त्यो मानिस गइहाल्यो, र येशूले त्यसको निम्ति कति ठूलो काम गरिदिनुभएको थियो सो डेकापोलिसभरि प्रचार गर्न लाग्यो, र सबै मानिसहरुले अचम्म माने ।

(मर्कूस ५:१-२०)

के भूतात्माहरुले परमेश्वरको पुत्र, येशूको शक्तिलाई मानिलिएका थिए ?

☐ ज्यू, मानिलियो ।

☐ अहँ, मानिलिएन ।

कथामा त्यो व्यक्तिको समस्या के देखिएको छ ?

त्यो मानिसबाट छोडेर जानको लागि प्रभु येशूले ती भूतात्माहरुलाई आज्ञा गर्नुभयो ? तिनीहरु कहाँ गए ?

त्यसपछि ती सुङ्गुरहरु के भए ?

भूतात्माले छोडेपछि त्यो मानिस कस्तो व्यक्ति बन्यो ?

के ख्रीष्टसँग दुष्टात्माको शक्तिले एकदमै नष्ट भएको मानिसलाई परिवर्तन गर्ने शक्ति पनि छ ?

☐ ज्यू, मानिलियो ।

☐ अहँ, मानिलिएन ।

के ख्रीष्टसँग तपाई र तपाईको परिवारलाई परिवर्तन गर्ने शक्ति छ ?

☐ ज्यू, मानिलियो ।

☐ अहँ, मानिलिएन ।

गेरासनेसमा परिवर्तित भएको व्यक्तिले येशूसँग डुङ्गामा यात्रा गर्न चाहन्थ्यो । तर प्रभुले उनीबाट अर्कै कुरा चाहनुभयो ।

के गर्नलाई येशूले उसलाई आज्ञा गर्नुभयो ?

त्यस मानिसले पनि प्रभुको आज्ञा पालन गऱ्यो अनि खीष्टले उनको जीवनमा गर्नुभएका सबै कामहरुको बारेमा आफ्नो परिवारलाई बताइदियो । खीष्टले तपाईको जीवनमा गर्नुभएका कामहरुबारे तपाईको परिवार र मित्रहरुलाई बताउन के तपाई तयार हुनुहुन्छ ?

☐ ज्यू, मानिलियो ।

☐ अहँ, मानिलिएन ।

येशू खीष्टको मृत्युबाट हामीले के फाइदा पाउँछौं ?

येशूको पुनरुत्थानबाट हामीले के फाइदा पाउँछौं ?

कसरी एक जना पापीले पापक्षमा र नयाँ जीवन पाउँदछ ?

वि_____द्वारा ।

तपाईको विश्वासद्वारा तपाईको निम्ति परमेश्वरले कस्तो परिवर्तन ल्याउन चाहनुहुन्छ ?

कसको शक्तिद्वारा एक कमजोर र पतित पापी व्यक्ति धार्मिक जीवन जिउन सक्ने हुनसक्छ ?

कन्ठस्थ गर्नोस् ।

"हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं ।"

(रोमी ६:५-६)

अभ्यासको काम

- तपाईको जीवन परिवर्तन गर्नलाई परमेश्वरको आत्मा तपाईमा वास गरुन् भनेर प्रभु येशूको नाउँमा प्रार्थना गर्नोस् ।

- दुष्टात्माले भरिएको गेनासरेसको मानिसलाई कसरी प्रभु येशूले परिवर्तन गर्नुभयो त्यसबारे तपाईले आफ्ना परिवारलाई भन्नोस् ।



अध्ययन र अभ्यासको काम गरेको

_____ _____

(मिति) (शिक्षकको सही)

टिप्पणीहरु

अध्ययन ८

सर्वोत्तम सन्देश

येशू खीष्टप्रति हाम्रो आज्ञाकारिता

“भाइ हो तथा बाबै हो, तपाइहरुका सामु मैले आफ्नो पक्षमा भन्नुपर्ने कुरा अब सुन्नुहोस् ।” तिनी हिब्रू भाषामा बोलेका सुनेर उनीहरु अझ चूप भए । पावलले भने, “म सिलिसिया शहर टार्ससमा जन्मेको एक यहूदी हुँ, तर यस शहरमा गमलिएलका चरणमा हुर्किएको हुँ । हाम्रा पुर्खाका विधिअनुसार मैले ठीक-ठीक शिक्षा पाएको हुँ । आज तपाईहरु परमेश्वरतर्फ जति उत्साही हुनुहुन्छ, म पनि त्यतिकै उत्साही थिएँ ।

मैले यस मार्गका मानिसहरुलाई मृत्युसम्मै सताएँ, अनि पुरुष र स्त्री दुवैलाई बाँध्दै भ्यालखानमा हालिदिएँ । प्रधान पूजाहारी र जम्मै महासभाले पनि मेरो पक्षमा गवाही दिन्छन् । उहाँहरुकै तर्फबाट भाइहरुका नाउँमा पुर्जी पाएर म त्यहाँ भएका विश्वासीहरुलाई बाँधेर यरुशलेममा ल्याई सजाय दिलाउन दमस्कसमा गएको थिएँ ।

मेरो यात्रामा दमस्कसनेर आइपुग्दा प्रायः मध्यान्ह भएको हुँदो हो, अचानक स्वर्गबाट एउटा ठूलो ज्योति मेरो वरिपरि

चम्क्यो । म जमीनमा लोटें, अनि मलाई यसो भनिरहेको आवाज सुनें, “ए शाऊल, ए शाऊल, तिमी मलाई किन सताउँदछौ ?” अनि मैले सोधें, “हे प्रभु, तपाई को हुनुहुन्छ ?” अनि उहाँले मलाई भन्नुभयो, “नासरतको येशू मै हुँ, जसलाई तिमी सताइरहेछौ ।”

तब मसँग जति जना थिए, तिनीहरुले ज्योति त देखे, तर मसँग बोल्नेको शब्द भने सुनेनन् ।

मैले सोधें, “हे प्रभु, अब म के गरुँ ?” अनि प्रभुले मलाई भन्नुभयो, “उठ, दमस्कसमा जाऊ, र तिमीले गर्नुपर्ने तोकेका कामहरु तिमीलाई बताइनेछन् ।

त्यस जोतिको तेजले गर्दा जब मैले केही देख्न सकिनँ, तब मसँग हुनेहरुले हातले समाती डोऱ्याएर मलाई दमस्कसमा ल्याए । हननिया भन्ने एक जना व्यवस्थाअनुसार चल्ने भक्त मानिस जसले त्यहाँ बस्ने सबै यहूदीहरुबाट आदर पाएका थिए, तिनी मकहाँ आए, र मेरो छेउमा खडा भएर मलाई भने, ‘भाइ शाऊल, दृष्टि प्राप्त गर्नुहोस् ।’

र मैले त्यही घडी दृष्टि प्राप्त गरें, र तिनलाई देखें । तिनले भने, “हाम्रा पितापुर्खाका परमेश्वरले उहाँको इच्छा तपाईले जान्न, र ती धार्मिक पुरुषलाई देख्न, र उहाँको मुखबाट शब्द सुन्न तपाईलाई नियुक्त गर्नुभएको छ । किनकि सबै मानिसहरुका सामु उहाँको निम्ति तपाईले जे देख्नु र सुन्नुभएको छ, तपाई त्यसको साक्षी हुनुहुनेछ । त अब किन पर्खनुहुन्छ ? उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस् ।”

(प्रेरित २२)

यो प्रेरित पावल परिवर्तन भएको घट्ना विवरण हो ।
पावलको अर्को नाउँ के थियो ? श_____

परिवर्तन हुनुअघि शाऊलले कस्ता दुष्ट कामहरु गर्दथे ?

_____

_____

उसको दृष्टि के भएको थियो ? _____

_____

उसले देख्न सकून् भनेर कसले प्रार्थना गरिदियो ?

_____

विवरणको अन्तमा हननियाले शाऊललाई के गर्नको निम्ति सल्लाह दिएका थिए ?

_____

शाऊलले आज्ञा पालन गरे । उसले बप्तिस्मा लिए । त्यसपछि, उसले येशू ख्रीष्टलाई पछ्याउने चेलाहरु प्रभुमा जित्न थालेको हामी पाउँछौं ।

ख्रीष्टका सबै आज्ञाहरु पालन गर्ने चेलाहरु बनाउन ख्रीष्टले हामीलाई हुकुम गर्नुभएको छ । (यी आज्ञाहरुलाई कन्ठस्थ पार्नु अति राम्रो हो । अझ राम्रो त तिनीहरुलाई पालन गर्नु हो । आफ्ना चेलाहरुको निम्ति ख्रीष्टको आधारभूत आज्ञाहरु यसप्रकारका छन् :

- पश्चाताप र विश्वास गर्नोस् (मर्कूस १:१५)

- बप्तिस्मा लिनुहोस् (मर्कूस १६:१६)

- परमेश्वर र हाम्रा छिमेकीलाई प्रेम गर्नुहोस् (मत्ती २२:३७-३९)

- प्रभुभोजमा सहभागी हुनुहोस् (लूका २२:१७-२०)

- प्रार्थना गर्नोस् अनि परमेश्वरको वचन मनन गर्नोस् (मत्ती ४:४, ६:५-१३)

- दिनुहोस् (मत्ती

- सुसमाचार प्रचार गर्नोस् (येशू ख्रीष्टको निम्ति आज्ञाकार ी चेलाहरु बनाउनोस्) (मत्ती २८:१८-२०)

कन्ठस्थ पार्नोस्

(प्रभु येशूका शब्दहरु) *"यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु ।"*

(मत्ती २८:१८-२०)

भ्यासको काम

- तपाईको परिवारलाई शाऊलको परिवर्तनबारे भनिदिनोस् ।

- तपाई स्वयं अनि तपाईका परिवारका विश्वास गर्ने व्यक्तिहरुले बप्तिस्मा लिनोस् । (यदि तपाईले अघि नै बप्तिस्मा लिइसक्नुभएको भए पनि तपाई प्रभुदेखि टाडिनुभयो, तर अब उहाँमा फेरि फर्कन चाहनुहुन्छ भने तपाईले आफू स्वयं र अरुहरुलाई पुऱ्याउनुभएको क्षतिलाई मानिलिनोस्, अनि क्षमादानको निम्ति परमेश्वर मा भरोसा गर्नोस् । तपाईका सारा पापहरु क्षमा गर्नुभएको लागि येशूलाई धन्यवाद दिनोस् अनि तपाईलाई उहाँमा परिवर्तन गर्न र उहाँसँग नजीकको सम्बन्ध कायम राख्न, अनि तपाईको जीवनमा उहाँसितको सम्बन्ध पूरा गर्न प्रार्थना गर्नोस् ।)

अध्ययन र अभ्यासको काम गरेको

_____ _____

(मिति) (शिक्षकको सही)

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

002NP01A-01